# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति
## बैठक संख्याः १०
## (मितिः २०८०/०६/१८)

**कार्यसूचीः**

१. अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल।

२. विविध ।

## छलफल तथा निर्णय

समितिको आजको बैठकमा अभिलेख संरक्षण ऐन २०४६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ भयो । बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सो विधेयक ल्याउनु पर्नाको उद्देश्य र कारणका सम्बन्धमा समितिलाई जानकारी प्राप्त भयो । छलफलमा भाग लिदै माननीय सदस्यहरुले सो विधेयकको आवश्यकताका बारेमा आ-आफ्नो धारणा राख्नुभयो ।

साथै समितिको यसअघि मिति २०८०।०५।१८ गतेको बैठकमा माननीय सदस्यहरुले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसँग राख्नुभएका जिज्ञासाहरुका सम्बन्धमा माननीय मन्त्रीले स्पष्ट पार्नुभयो ।

यसपछि, समितिका आगामी बैठकहरुमा समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम, नेपाल पर्यटन बोर्ड लगायतका निकायसँग तिनका कामकारबाही सम्बन्धमा क्रमशः छलफल गर्दै जाने निर्णय भयो ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।